संघीय संसद
प्रतिनिधि सभा, २०७९
चौथो अधिवेशन
बैठक संख्या -४७
सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८१ साल साउन ३० गते बुधबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख देवराज घिमिरेको अध्यक्षतामा दिनको ०१:२० बजे प्रारम्भ भयो ।

बैठकको प्रारम्भमा सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीले प्रतिनिधि सभाबाट पारित हुँदै गरेको "बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) विधेयक, २०७९ लगायत समसामयिक विषयमा आफ्नो भनाई राख्नुभयो ।

त्यसपछि माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री अजय कुमार चौरसियाले कानून, न्याय तथा मानव अधिकार समितिको प्रतिवेदन सहितको "बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) विधेयक, २०७९ माथी छलफल गरियोस्" भनी प्रस्तुत गर्नु भएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतीले स्वीकृत भयो ।

तत्पश्चात् भएको कानून, न्याय तथा मानव अधिकार समितिको प्रतिवेदन सहितको "बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) विधेयक, २०७९" माथिको छलफलमा निम्नलिखित माननीय सदस्यहरुले राख्नु भएको प्रश्नको माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री अजय कुमार चौरसियाले जावाफ दिनुभयोः-

१. मा० शेर बहादुर देउवा
२. मा० पुष्पकमल दाहाल (प्रचण्ड)
३. मा० महेश कुमार वर्तौला
४. मा० रवि लामिछाने
५. मा० राजेन्द्र प्रसाद लिङदेन
६. मा० माधव कुमार नेपाल
७. मा० रन्जु कुमारी झा
८. मा० अब्दुल खांन
९. मा० राम प्रकाश चौधरी
१०. मा० गंगाराम चौधरी
११. मा० प्रेम सुवाल
१२. मा० चित्र बहादुर के.सी.
१३. मा० प्रभु साह
१४. मा० डा० अमरेश कुमार सिंह
१५. मा० योगेन्द्र मण्डल

तदुपरान्त "बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) विधेयक, २०७९" का सम्बन्धमा "कानून, न्याय तथा मानव अधिकार समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि १७ सम्म उल्लेखित संशोधनहरुलाई स्वीकृतीको लागि प्रस्तुत गर्नुका साथै उल्लेखित संशोधनहरुलाई विधेयकको अंग बनोस् भनी सम्माननीय सभामुखले क्रमशः निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतले स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले विधेयकको दफा २ देखि २२ सम्म "बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) विधेयक, २०७९" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतले स्वीकृत भयो ।

तत्पश्चात् सम्माननीय सभामुखले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनु हुँदै उक्त प्रस्तावना र नाम "बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) विधेयक, २०८१" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतले स्वीकृत भयो ।

तदुपरान्त माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री अजय कुमार चौरसियाले "बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) विधेयक, २०८१ लाई पारित गरियोस्" भनी प्रस्तुत गर्नु भएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतले पारित भयो ।

त्यसपछि सम्माननीय सभामुखले प्रनिनिधि सभा नियमावली, २०७९ को परिच्छेद-९ बमोजिमको प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तर सम्बन्धी कार्यक्रम २०८१ भदौ ६ गतेको बैठकमा हुने गरी निर्धारण गरेको व्यहोरा जानकारी गराउनुहुँदै प्रधानमन्त्रीसँगको प्रत्यक्ष प्रश्नोत्तर कार्यक्रमको लागि यस अघि नै समूह विभाजन भैसकेको र समूह ७ मा रहेका माननीय सदस्यहरुले यस महिनामा प्रश्न सोध्नका लागि नियमावलीको नियम ५८ बमोजिम मिति २०८१ भदौ २ गते आइतबार दिनको २:०० बजेभित्र प्रतिनिधि सभाका सचिव समक्ष आफ्नो प्रश्न लिखित रुपमा दिनसक्नुहुने व्यहोरा समेत जानकारी गराउनु भयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८१ साल भदौ ०६ गते बिहीबार दिनको १:०० बजे बस्नेगरी बैठक दिनको ०५:१५ बजे स्थगित भयो ।

पद्म प्रसाद पाण्डेय
महासचिव